नेपाल सरकार

प्रदेश प्रमुख
बागमती प्रदेश
हेटौंडा, मकवानपुर

# बाल दिवसको शुभकामना सन्देश

६१ औँ राष्ट्रिय बाल दिवसको अवसरमा बागमती प्रदेश, देश तथा विदेशमा रहनु भएका सम्पुर्ण बालबालिकामा हार्दिक शुभकामना छ।

बालबालिका राष्ट्रका उज्ज्वल भविष्य हुन्। उनीहरूको सुरक्षित र समृद्ध भविष्य सुनिश्चित गर्नु हामी सबैको साझा जिम्मेवारी हो। यस वर्षको बाल दिवसको नारा **"बालबालिकामा लगानी: सुनिश्चित भविष्यको थालनी"** ले पनि यसै कुरालाई जोड दिएको छ। स्वस्थ र गुणस्तरीय शिक्षा, पोषण र सुरक्षित वातावरणमा गरिने लगानीले मात्र बालबालिकाहरूको चौतर्फी विकास हुन्छ र उनीहरू जिम्मेवार तथा सक्षम नागरिक बन्न सक्छन्। नेपालको संविधानले बालबालिकाका हक र अधिकारलाई सुनिश्चित गरेको छ। हरेक बालबालिकाले बालमैत्री समाजमा निर्धक्क भएर हाँस्न, खेल्न र आफ्नो सपना पूरा गर्न पाउनु उनीहरूको नैसर्गिक अधिकार हो, यो पूरा गर्न जिम्मेवार बनिदिनु हामी सबैको कर्तव्य पनि हो। बालबालिकामाथि हुने जुनसुकै प्रकारको हिंसा, शोषण, दुर्व्यवहार र बालश्रमको अन्त्य गर्न सबैको हातेमालो आवश्यक छ।

अन्त्यमा आजको यस विशेष दिनमा हामी सबैले हरेक बालबालिकाको मुस्कानको संरक्षण गर्ने र उनीहरूको उज्ज्वल भविष्यका लागि सँगै काम गर्ने प्रण गरौं।

**२०८२ साल भाद्र २९ गते, आइतबार**
**ने.सं. ११४५ यंलागा: अष्टमी**

**दीपक प्रसाद देवकोटा**
**प्रदेश प्रमुख**

Archived at https://infobank.bagamati.gov.np